# श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको
## सूचना

श्री ५ महाराजाधिराजबाट प्रधान न्यायाधीशको सिफारिशमा न्याय प्रशासन सुधार ऐन, २०३१ बमोजिम देहायका व्यक्तिहरूलाई देहायबमोजिम नियुक्ति तथा सरुवा गरिबक्सेको छ :–

| | |
|---|---|
| १. मध्यमाञ्चल क्षेत्रीय अदालतका अतिरिक्त न्यायाधीश श्री मोहनप्रसाद शर्मा– | स्थायी न्यायाधीश, पूर्वाञ्चल क्षेत्रीय अदालत। |
| २. पूर्वाञ्चल क्षेत्रीय अदालतका अस्थायी न्यायाधीश श्री केशवप्रसाद मुडवरी तीन वर्षका लागि– | अतिरिक्त न्यायाधीश, सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालत। |
| ३. अधिवक्ता श्री कृष्णजंग रायमाझी तीन वर्षका लागि– | अतिरिक्त न्यायाधीश, सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालत। |
| ४. पूर्वाञ्चल क्षेत्रीय अदालतका न्यायाधीश श्री खडानन्दप्रसाद उपाध्याय– | सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालतको न्यायाधीशमा सरुवा। |
| ५. पश्चिमाञ्चल क्षेत्रीय अदालतका न्यायाधीश श्री प्रचण्डराज अनिल– | पूर्वाञ्चल क्षेत्रीय अदालतको न्यायाधीशमा सरुवा। |
| ६. मध्यमाञ्चल क्षेत्रीय अदालतका न्यायाधीश श्री ओमभक्त श्रेष्ठ– | पश्चिमाञ्चल क्षेत्रीय अदालतको न्यायाधीशमा सरुवा। |
| ७. पश्चिमाञ्चल क्षेत्रीय अदालतका न्यायाधीश श्री मेघराजबहादुर विष्ट– | मध्यमाञ्चल क्षेत्रीय अदालतको न्यायाधीशमा सरुवा। |
| ८. सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालतका न्यायाधीश श्री हिरण्येश्वरमान प्रधान– | पश्चिमाञ्चल क्षेत्रीय अदालतको न्यायाधीशमा सरुवा। |
| ९. पूर्वाञ्चल क्षेत्रीय अदालतका अतिरिक्त न्यायाधीश श्री केशवप्रसाद उपाध्याय– | मध्यमाञ्चल क्षेत्रीय अदालतको अतिरिक्त न्यायाधीशमा सरुवा। |

साथै, मौसूफबाट अतिरिक्त न्यायाधीशमा नियुक्ति पाउने उपर्युक्त दुई जना अतिरिक्त न्यायाधीशहरूको पारिश्रमिक तथा अन्य सुविधा क्षेत्रीय अदालतका अन्य न्यायाधीशहरूले पाए सरह पाउने व्यवस्था गरिबक्सेको छ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३६

# श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको

## सूचना

श्री ५ महाराजाधिराजबाट प्रधान न्यायाधीशको सिफारिशमा देहायका व्यक्तिहरूलाई तीन वर्षको अवधिका निमित्त देहायबमोजिम सर्वोच्च अदालतको अतिरिक्त तथा अस्थायी न्यायाधीश पदमा नियुक्त गरी काजमा काम गर्ने समेत तोकिबक्सेको छ ।

| | | |
|---|---|---|
| १. | मध्यमान्चल क्षेत्रीय अदालतका मुख्य न्यायाधीश श्री पृथ्वी बहादुर सिंहलाई काजमा मध्यमाञ्चल क्षेत्रीय अदालतको मुख्य न्यायाधीश भई काम गर्ने गरी– | अतिरिक्त न्यायाधीश, सर्वोच्च अदालत । |
| २. | सुदूर पश्चिमान्चलका मुख्य न्यायाधीश श्री गजेन्द्र केशरी वास्तोलालाई तीन वर्षपछि आफ्नै पदमा फर्कने गरी– | अस्थायी न्यायाधीश, सर्वोच्च अदालत । |
| ३. | पूर्वान्चल क्षेत्रीय अदालतका मुख्य न्यायाधीश श्री जोगेन्द्र प्रसाद श्रीवास्तवलाई तीन वर्षपछि आफ्नै पदमा फर्कने गरी– | अस्थायी न्यायाधीश, सर्वोच्च अदालत । |
| ४. | सर्वोच्च अदालतका रजिष्ट्रार श्री हरगोविन्द सिं प्रधान– तीन वर्षपछि आफ्नै पदमा फर्कने गरी– | अस्थायी न्यायाधीश सर्वोच्च अदालत । |

साथै, मौसूफबाट उपर्युक्त अतिरिक्त तथा अस्थायी न्यायाधीशहरूको पारिश्रमिक र अन्य सुविधा सर्वोच्च अदालतका स्थायी न्यायाधीशले पाए सरह पाउने गरी तोकिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।